# गैंडाकोट राजपत्र

खण्ड :०७ संख्या : ०७ मिति :२०८१/१०/०२

## गैंडाकोट नगरपालिका

नेपालको संविधान बमोजिम गैंडाकोट नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्बसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

### गैंडाकोट नगरपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१

प्रमाणीकरण मिति -: २०८१/१०/०२

**प्रस्तावनाः** यस गैंडाकोट नगरपालिकामा रहेका गरिब, विपन्न, असहायहरु, कडा रोग लागेका, दुर्घटनामा परेका, ठुलो शल्यक्रिया गर्नु पर्ने अवस्थामा रहेका व्यक्तिहरु र सामाजिक क्षेत्रमा क्रियाशील संघ, संगठनहरु संगको सहकार्य तथा सहयोगको अपेक्षालाई व्यवस्थित गर्न एवं आर्थिक पारदर्शीता कायम गर्न गैंडाकोट नगरपालिकाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम गैंडाकोट नगरपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१ बनाएको छ ।

परिच्छेद — १

**प्रारम्भिक**

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो कार्यविधिको नाम "गैंडाकोट नगरपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,–

(क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ लाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका" भन्नाले गैंडाकोट नगरपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले गैंडाकोट नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय" भन्नाले नगरपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ) "आर्थिक सहायता" भन्नाले गैंडाकोट नगरपालिकाकाबाट प्रदान गरिने आर्थिक सहयोगलाई सम्झनु पर्दछ।

(च) "नगरबासी" भन्नाले गैंडाकोट नगरपालिकामा स्थायी बसोबास गरेको व्यक्ति सम्झनु पर्दछ।

(छ) "सडक आश्रित मानव" भन्नाले कुनै पनि सहारा नभएको, वेवारिसे र गैंडाकोट नगरपालिका क्षेत्र भित्रको सडक पेटी वा सार्वजनिक स्थललाई नै आश्रयको स्थल बनाएको व्यक्ति सम्झनु पर्दछ।

परिच्छेद २

## आर्थिक सहायता सम्बन्धी मापदण्ड

३. नगरले प्रदान गर्ने आर्थिक सहायताको मापदण्ड देहाय बमोजिम हुनेछ ।

(१) **दुर्घटनाः** नगरवासी कुनै ठूलो दुर्घटनामा परी जसका कारणवाट अंगभंग हुन गई तत्काल उपचार गराउनु पर्ने अवस्था भएको र गरिबी एवं विपन्नता लगायतका कारण पारिवारिक आर्थिक स्रोत नभएको अवस्थामा रहेको व्यक्तिलाई अवस्था हेरी एक पटकमा रु. तीन हजार देखि रु. सात हजार सम्म उपलब्ध गराउन सकिनेछ ।

(२) **औषधी उपचारः** कुनै पनि रोग लागि अस्पताल भर्ना भई उपचार गराइरहेका गरिबी एवं विपन्नताका कारण उपचार गराउन नसकी समस्यामा परेको नगरवासीलाई अवस्था हेरी रोगसँग सम्बन्धित कागजातका आधारमा एक पटकमा बढीमा रु. पन्ध्र हजार सम्म उपलव्ध गराउन सकिनेछ ।

(३) **जनप्रतिनिधि एवं कर्मचारीहरुलाई औषधी उपचारः** यस नगरपालिकाका जनप्रतिनिधि एवं कार्यरत कर्मचारीहरुलाई कुनै पनि रोग लागि अस्पताल भर्ना भई उपचार गराइरहेका अवस्थामा रोगसँग सम्बन्धित कागजातका आधारमा बढीमा रु. पच्चीस हजार सम्म आर्थिक सहायता उपलव्ध गराउन सकिनेछ ।

(४) **असहायः** यस नगरपालिकामा बसोबास गर्ने कुनै व्यक्तिको एकाघरको परिवार, सहोदर नाता लाग्ने व्यक्ति र कुनै पनि प्रकारका आफन्तजन नभई बेवारिसे अवस्थामा रहेको र अन्यको आश्रय लिनु परेको, जेष्ठ नागरिक भत्ता नपाउने गरेको साथै आर्थिक उपार्जन तथा काम गरी खान नसक्ने अवस्थामा भएको नगरबासी वा सडक आश्रित मानवले आर्थिक सहयोग माग गरेमा त्यस्ता असहायको अवस्था हेरी एक पटकमा रु. एक हजार देखि पाँच हजार सम्म आर्थिक सहायता उपलब्ध गराउन सकिनेछ ।

(५) **गरिब तथा विपन्न वर्गलाई आर्थिक सहायताः** यस नगरपालिकामा स्थायीरुपमा बसोबास गर्ने गरिब तथा विपन्न वर्गलाई बस्ने बास बनाउनका लागि तोकिएका कागजातका आधारमा बढीमा रु पन्ध्र हजार आर्थिक सहायता उपलब्ध गराउन सकिने छ ।

(६) **संघ संगठनः** यस नगरपालिकामा स्थापना भएका, दर्ता भएका, सूचीकृत भएका र नगरपालिकाको क्षेत्र एवं राष्ट्रको हित अनुकुल हुने गरी संजाल र महासंघ प्रकृतिका संघ, संगठनले आयोजना गरेका सामाजिक कार्यहरुमा नगरपालिकाबाट देहाय बमोजिम आर्थिक सहायता प्रदान गर्न सकिनेछ । उक्त कार्यक्रमले जिल्ला तथा नगरको पर्यटन प्रवर्धन, नगरको विकास लगायत सामाजिक क्षेत्रमा

सकारात्मक प्रभाव पार्ने हुनु पर्नेछ । क्लव तथा संघ संस्थाहरुको वार्षिक साधारण सभा, वार्षिक नियमित कार्यक्रममा सहयोग प्रदान हुनेछैन ।

(६.१) वडा, नगर र जिल्ला स्तर कार्यक्रमः

(क) नगर स्तरका संघ/संगठनले आयोजना गरेको कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटकमा रु. पाँच हजार देखि दश हजार सम्म उपलव्ध गराउन सकिनेछ ।

(ख) जिल्ला स्तर संघ/संगठनले आयोजना गरेकोमा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटकमा रु. पाँच हजार देखि पन्ध्र हजार सम्म उपलव्ध गराउन सकिनेछ ।

(६.२) प्रदेश र केन्द्र स्तर कार्यक्रमः

(क) प्रदेश स्तरका संघ/संगठनले आयोजना गरेको कार्यक्रममा कार्यक्रमको प्रकृति र अवस्था हेरी एक पटकमा रु. पाँच हजार देखि बीस हजार सम्म उपलव्ध गराउन सकिनेछ ।

(ख) प्रदेश स्तर भन्दा माथिका संघ/संगठनले आयोजना गरेकोमा कार्यक्रम को प्रकृति र अवस्था हेरी एक पटकमा रु. पाँच हजार देखि पच्चीस हजार सम्म उपलव्ध गराउन सकिनेछ ।

(६.३) अन्तर्राष्ट्रिय स्तरका खेलमा सहभागि हुन जानेः

(क) अन्तर्राष्ट्रिय संघ संस्थाहरुको आमन्त्रणमा अन्तर्राष्ट्रिय स्तरको खेलमा सहभागि हुन जाने नगरवासी प्रत्येक खेलाडी, एकएक जना टिम म्यानेजर र प्रशिक्षक समेतलाई एक आर्थिक वर्षमा एक पटकका लागि बढीमा रु. पन्ध्र हजार सम्म आर्थिक सहायता

उपलव्ध गराउन सकिनेछ ।

(ख) नेपाल सरकारबाट स्वीकृत लिई अन्तर्राष्ट्रिय स्तरको खेलमा सहभागि हुन जाने नगरवासी प्रत्येक खेलाडी, एकएक जना टिम म्यानेजर र प्रशिक्षक समेतलाई एक आर्थिक वर्षमा एक पटकका लागि बढीमा रु. पच्चीस हजार सम्म आर्थिक सहायता उपलव्ध गराउन सकिनेछ ।

तर दफा (३) को उपदफा (६)(६.३) को (क) र (ख) बमोजिम कार्यक्रममा आयोजक देश वा संस्थाले सो खेलमा भाग लिए वापत सम्पूर्ण खर्च व्यहोर्नेको हकमा कुनै पनि आर्थिक सहायता प्रदान गर्ने छैन, आंशिक खर्च व्यहोर्नेको हकमा ५० प्रतिशत मात्र आर्थिक सहायता प्रदान गर्न सकिनेछ ।

(७) उपदफा (१), (२), (३), (४), (५) र (६) मा उल्लिखित आर्थिक सहायता बाहेकको प्रकृति र अवस्था हेरी थप आर्थिक सहायता आवश्यक पर्ने भएमा नगर प्रमुख / नगर कार्यपालिकाले निर्णय गरे बमोजिमको आर्थिक सहायता रकम उपलब्ध गराउन सकिनेछ ।

परिच्छेदः ३

## आर्थिक सहायता भूक्तानी प्रकृया

४. भुक्तानी प्रकृयाः नगर प्रमुखको निर्णयानुसार वा नगर प्रमुखलाई जानकारी गराई आर्थिक सहायताको भुक्तानी प्रकृया देहाय बमोजिम हुनेछ ।

(१) मानवीय सहायताः दफा ३ को उपदफा (१), (२), (३), (४) र (५) बमोजिमको आर्थिक सहायताको भुक्तानी गर्दा देहाय वमोजिम हुनेछ ।

(क) आर्थिक सहायता प्राप्त गर्ने व्यक्ति वा निजको तर्फबाट नजिकका नातेदारले अनुसूची १ बमोजिमको निवेदन भरी आवश्यक कागजात संलग्न गरी सम्बन्धित वडा कार्यालयबाट सिफारिस लिई नगरपालिकामा निवेदन दिनुपर्नेछ । असहाय/आर्थिक अवस्था कमजोर /विपन्न भएको भनी विश्वास लागेमा ठाडो निवेदनको आधारमा पनि निर्देशिकाले तोके अनुसारको आर्थिक सहायता दिन सकिनेछ ।

(ख) रोग लागेका व्यक्ति/जनप्रतिनिधि/कर्मचारी वा निजको तर्फबाट नजिकका नातेदारले नगरपालिकाबाट आर्थिक सहायता प्राप्त गर्न अनुसूची २ बमोजिमको निवेदन भरी र आवश्यक कागजात संलग्न गरी सम्बन्धित वडा कार्यालय र नगर स्वास्थ्य शाखाबाट समेत सिफारिस लिई नगरपालिकामा निवेदन दिनुपर्नेछ ।

(२) संघ/संस्था/संगठनको हकमा अनुसूची ३ बमोजिमको निवेदन भरी आवश्यक कागजात संलग्न गरी कार्यक्रम संचालन हुने/भएको सम्बन्धित वडा कार्यालयबाट गरेको सिफारिस सहित पेश भएपछि सहयोग उपलब्ध गराउन सकिनेछ ।

(३) रकम भुक्तानी लिनको लागी बैंक खाता खोलिएको बैंकको चेकको फोटोकपि पेश गरे पछि EFT मार्फत सोझै खातामा पठाईने छ ।

(४) नगर सभाले विनियोजन गरेको बजेटको परिधि भित्र रही एक व्यक्तिलाई एउटा घटनामा एक पटक र संघ संगठनलाई एक आर्थिक वर्षमा एक पटक भन्दा वढी आर्थिक सहयोग गरिने छैन ।

५. यसै कार्यविधि बमोजिम मानिनेः यस नगरपालिकाबाट यस अघि गरेका आर्थिक सहायता सम्बन्धी भए गरेका काम कारवाही यसै कार्यविधि अनुसार भए गरेको मानिनेछ ।

६. कार्यविधिको व्याख्या, संशोधन तथा अनुसूची हेरफेरः यस कार्यविधिको व्याख्या, संशोधन र अनुसूची हेरफेर गर्नु परेमा कार्यपालिकाले गर्नेछ ।

# अनुसूची १

## आर्थिक सहायता माग गर्न नगरपालिकामा पेश गर्ने निवेदन

मिति: ........................

श्रीमान् नगरप्रमुखज्यू,
गैंडाकोट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, नवलपरासी (ब.सु.पू.) ।

विषयः आर्थिक सहायता उपलब्ध गराईदिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा नवलपरासी (ब.सु.पू.) जिल्ला, गैंडाकोट नगरपालिका वडा नं. ....... बस्ने म निवेदक मेरो ......................................... दुर्घटना/असहाय भएको व्यहोरा अवगत गराउँदछु । मेरो/निजको आर्थिक अवस्था नाजुक भएकोले "गैंडाकोट नगरपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१" को व्यवस्था बमोजिम आर्थिक सहायता उपलब्ध गराई तपसिलका कागजातहरु यसैसाथ संलग्न राखी यो निवेदन
पेश गर्दछु ।

निवेदन साथ संलग्न कागजातहरुः

(क) दुर्घटनामा परेको/असहाय व्यक्तिको नागरिकता/जन्मदर्ता/विवाहदर्ता प्रमाण पत्रको प्रतिलिपि,
(ख) नगरपालिकामा स्थायी बसोबास गरेको खुल्ने कागजातको प्रतिलिपि,
(ग) दुर्घटनामा परेको/असहाय व्यक्तिको नजिकको नातेदार भए नाता खुल्ने कागजात र निजको नागरिकता/विवाहदर्ता प्रमाण पत्रको प्रतिलिपि,
(घ) सम्बन्धित वडा कार्यालयको सिफारिश,
(ङ) दुर्घटनामा परेको भए प्रहरी कार्यालयको मुचुल्काको प्रतिलिपि, अस्पतालमा भर्ना भई उपचार गराइरहेको कागज र औषधि उपचारमा खर्च भएको सक्कलै विल,
(च) आवास विहिनको हकमा सर्जमिन मुचुल्का, वडा समितिको निर्णय र नक्सापास ।

निवेदक
हस्ताक्षरः
नाम, थरः
ठेगानाः
सम्पर्क नं

अनुसूची २

स्वास्थ्य उपचारका लागि आर्थिक सहायता माग गर्न नगरपालिकामा पेश गर्ने निवेदन

मिति ..........................

श्रीमान् नगरप्रमुखज्यू,
गैंडाकोट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, नवलपरासी (ब.सु.पू.) ।

विषयः स्वास्थ्य उपचारका लागि आर्थिक सहायता पाउँ ।

प्रस्तुत विषयमा नवलपरासी (ब.सु.पू.) जिल्ला, गैंडाकोट नगरपालिका वडा नं. ....... बस्ने म निवेदक/मेरो .......................................... लाई .......................................... रोग लागि हाल ............................ अस्पतालमा उपचार गराई रहेको हुंदा "गैंडाकोट नगरपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१" को व्यवस्था बमोजिम उपलब्ध हुने आर्थिक सहायता पाउन सम्बन्धित वडा कार्यालयको सिफारिस साथ यो निवेदन पेश गरेको छु ।

**निवेदन साथ संलग्न कागजातहरुः**

(क) बिरामीको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
(ख) स्थायी बसोबास गरेको खुल्ने कागजातको प्रतिलिपि,
(ग) बिरामीको नजिकको नातेदार भए नाता खुल्ने कागजात र निजको नागरिकता प्रमाण पत्रको प्रतिलिपि,
(घ) सम्बन्धित वडा कार्यालय र स्वास्थ्य शाखाको सिफारिश,
(ङ) अस्पतालमा भर्ना भई उपचार गराइरहेको कागज वा सम्बन्धित अस्पतालले रोग प्रमाणित गरेको कागजातको प्रतिलिपि,
(च) औषधि उपचारमा खर्च भएको सक्कलै विल ।

निवेदक
हस्ताक्षरः
नाम, थरः
ठेगानाः
सम्पर्क नं.:

अनुसूची ३

संघ संस्था आदिले आर्थिक सहायता माग गर्न नगरपालिकामा पेश गर्ने निवेदन

मितिः ..........................

श्रीमान् नगरप्रमुखज्यू,
गैंडाकोट नगरपालिका
नगरकार्यपालिकाको कार्यालय, नवलपरासी (ब.सु.पू.) ।

विषयः आर्थिक सहायता उपलब्ध गराई दिनु हुन ।

महोदय,

प्रस्तुत विषयमा ...................................... ठेगाना रहेको ............................. संघ/संस्था/समुह/क्लव लाई .................................. संचालन गर्नु पर्ने भएकोले यस संघ/संस्था/समुह/क्लव बाट विनियोजित रकम अपुग हुने भएको हुँदा सो प्रयोजनका लागि "गैंडाकोट नगरपालिका आर्थिक सहायता सम्बन्धी कार्यविधि, २०८१" को व्यवस्था बमोजिम आर्थिक सहायता उपलब्ध गराई दिनु हुन तपसिलका कागजातहरु यसैसाथ संलग्न राखि यो निवेदन पेश गरिएको छ । यस संस्थाको यस नगरपालिकासँग सम्बन्धित तिर्नु बुझाउनु वा फछ्र्यौट गर्नु पर्ने कर महशुल, बक्यौता, पेश्की बेरुजु बाँकी नरहेको र प्राप्त सहयोग सम्बन्धित शिर्षकमा नै खर्च हुने व्यहोरा समेत जानकारी गराउन चाहन्छु ।

**निवेदन साथ संलग्न कागजातहरुः**

(क) संस्था दर्ता, कर चुक्ता, प्यान दर्ता प्रमाण पत्रको प्रतिलिपि,
(ख) सम्बन्धित वडा कार्यालयको सिफारिश,
(ग) संचालन गर्ने कार्यक्रमको प्रस्तावना, प्रतिवेदन र बिल भरपाई ।
(घ) खेल खेल्नका लागि विदेश जाने भए नेपाल सरकारबाट प्राप्त अनुमति पत्रको प्रतिलिपि वा विदेशी संस्थाले आमन्त्रण गरेको पत्रको प्रतिलिपि, आतेजाते हवाई वा अन्य साधनको टिकटको सक्कल, भिसाको प्रतिलिपि ।

निवेदक
हस्ताक्षरः
नाम, थरः
पदः
संस्थाको ठेगानाः
सम्पर्क नं.:
संस्थाको छापः

आज्ञाले,
झविन्द्र खनाल
प्रमुख प्रशासकीय अधिकृत